**सामुदायिक वनको काठ,दाउरा संकलन तथा बिक्री बितरण निर्देशिका, २०७१ को अनुसूची १६अनुसारको फारम**

## श्री सगरमाथा हरियाली सामुदायिक वन उपभोक्ता समूह,

लेटाङ न.पा.वडा नं.०८ जाँते, मोरङ । (पान नं.६०१५७९७०५)

## गोलिया काठ /दाउरा शिलवन्दी बोलपत्रद्वारा विक्री वितरण गर्ने सुचना :

**प्रथम पटक सूचना प्रकाशन मिति :- २०८२/१२/१६**

यस समुहले नियमानुसार संकलन गरि **समूहको** घाटगद्धीमा सुरक्षित रहेको गोलिया **काठ, दाउरा** यस समूहको समूहको सधारण-सभावाट भएको निर्णय बमोजिम समुहवाट माँग भई डिभिजन वन कार्यालय मोरंगको मिति २०८२/१२/१५ को पत्रवाट समूह बाहिर बिक्रि वितरण गर्न सहमति भए बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयावाट लिलाम विक्री गर्नु पर्ने भएकोले समूहको कार्यसमितिवाट मिति २०८२/१२/०५ को निर्णयले कायम भएको न्यूनतम मूल्यलाई आधारमानी यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली,२०७९ को दोश्रो संशोधन नियमावली,२०८१ को नियम १२८ र कोशी प्रदेश वन नियमावली, २०८० को नियम १४८ बमोजिम सुचिकृत भएको काठ चिरान गर्ने स:मिल/भेनियर तथा प्लाईउड उद्योग/काठ,दाउरा कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योगहरु मात्र यो सूचना **हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा** मिति २०८२/१२/१६ मा **प्रथम पटक प्रकाशित** भएको मितिले **२१ औं दिनको** कार्यालय समय भित्र बोलपत्र खरिद गरि **२२ औं दिनको दिउँसो १:०० बजे सम्म बोलपत्र खरिद गरेको कार्यालयमा नै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आव्हान गरिएको छ।** साथै बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्नगएमा सोको भोली पल्ट मान्य हुने ब्यहोरा समेत जानकारीको लागी अनुरोध छ।

### तपसिल:

(१) **वन पैदावारको विवरण :-** संलग्न लगत तालिकामा उल्लेखित लट बिवरण बमोजिम।

(२) **बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय :-**

(क) अन्तिम मिति :- २०८३/०१/०६

(ख) समय : दिनको कार्यालय समय सम्म।

(ग) खरिद गर्ने स्थान :-

- सगरमाथा हरियाली सा.व.उ.स.को कार्यालय, लेटाङ न.पा.-०८जाँते, मोरङ।
- डिभिजन वन कार्यालय, मोरङ।

(३) **बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति, समय र दाखिला गर्ने स्थान :-**

(क) अन्तिम मिति : - २०८३/०१/०७

(ख) समय दिउँसो १:०० बजे सम्म।

(ग) दाखिला गर्ने स्थान :-

- सगरमाथा हरियाली सा.व.उ.स.को कार्यालय, लेटाङ न.पा.-०८जाँते, मोरङ।
- डिभिजन वन कार्यालय, मोरङ।

(४) बोलपत्र यसै सुचनाको बुंदा नं.२ मा उल्लेखित स्थानवाट सूचना प्रकाशित भएको मिति देखि **मिति २०८३/०१/०६ गते दिनको कार्यालय समय सम्म सम्म** खरिद गरी सूचना प्रकाशित भएको मिति देखि बुंदा नं.३ मा उल्लेखित कार्यालयमा **२०८३/०१/०७ गते दिउँसो १:०० बजे सम्म** दाखिला गर्नु पर्नेछ।

(५) बोलपत्र साथ कवोल गरेको रकमको १०% प्रतिशतले हुन आउने रकम यस समुहको **सगरमाथा हरियाली सा.व.उ.स.लेटाङ न.पा.-०८ जाँतेको नाममा उर्लावारी स्थित रा.वा.बैंक को चल्ती हिसाव नं.२६००१००००१५२४००१** मा नगद जम्मा गरेको सक्कल भौचर/बैंक जमानी/नगदी रसिद पेश गर्नुपर्ने छ।

६) बोलपत्र फारम नियमानुसार रु.१०००/- (पछि फिर्ता नहुने गरी) तिरी बुंदा नं.२ मा उल्लेखित स्थानवाट सूचना प्रकाशित भएको मिति देखि बुंदा नं.३ मा उल्लेखित मिति २०८३/०१/०६ गते दिनको दिनको कार्यालय समय सम्म खरिद गर्न सकिनेछ।

(७) लिलाम बढावढ हुने वन पैदावार सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ र जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्ने छ।

(८) **वन नियमावली,२०७९ (दोश्रो संशोधन,२०८१) को नियम १२८ र कोशी प्रदेश वन नियमावली, २०८० को नियम १४८ बमोजिम सुचिकृत भएको उद्योगका** प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपी/ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि/ सुचिकृत प्रमाणपत्रको प्रतिलिपी बोलपत्र खरिद गर्दा निवेदनसाथ र शिलवन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

(९) निर्धारित गरिएको न्यूनतम संख्याका/ रीतपूर्वक मिति २०८३/०१/०७ मा **दिउँसो १:०० बजे सम्म** दर्ता भएका बोलपत्रहरु संकलन गरी सम्वन्धित **सा.व.उ. समूहको कार्यालय लेटाङ न.पा.०८ मा मिति २०८३/०१/०७ मा दिउँसो ३:०० बजे** विभिन्न कार्यालय तथा संघ,संस्थाको साथै जनप्रतिनिधी तथा ब्यवसायी रोहवरमा खोलिने छ।

(१०) वन नियमावलि-२०७९ को नियम-२५(५) बमोजिम लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र **सकार रकमको साथै** नियमानुसारको **मूल्य अभिबृद्धि कर १३%** समेत वुझाई लिलाम बिक्रीमा चढाएको वन पैदावार बाँकी प्रकृया पुरागरि तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

(११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।

(१२) बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु समुहको निर्णय अनुसार हुनेछ।

(१३) समुहले स्वीकृत गरेको बोलपत्रलाई समर्थन गर्ने अन्तिम निर्णय डिभिजन वन कार्यालय मोरङको हुनेछ।

क्रमश:

शेरवहादुर सिंजाली मगर
अध्यक्ष

## ➢ वन पैदावारको संक्षिप्त लगत विवरण तालिका :-

| लट नं. | जात | ग्रेड | थान | परिमाण क्यू.फी./चट्टा | न्यूनतम मूल्य संकलनखर्च सहित/क्यू.फी./चट्टा रु. | जम्मा न्यूनतम मूल्य संकलन खर्च सहित रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/ ०८२-८३ | साल | B | ३ | ७९.५१ | १६५१ | १३१,२७१.०१ | |
| | | C | १२ | ७४.४४ | ११५१ | ८५,६८०.४४ | |
| | कर्मा | A | १० | २३५.९० | ६२५ | १४७,४३७.५० | |
| | | B | १ | ९.०३ | ५२५ | ४,७४०.७५ | |
| | | C | २ | १०.९२ | ३२५ | ३,५४९.०० | |
| | राङटाङ्ग | - | ९ | १२५.६७ | ३२५ | ४०,८४२.७५ | |
| | बो.ध. | - | ५ | ५२.५० | ३२५ | १७,०६२.५० | |
| | जम्मा- | | ४२ | ५८७.९७ | – | ४३०,५८३/९५ | |
| | साल जातको दाउरा २०x५'x५' साईजको चट्टा - | | | २.०० | ३५००० | ७०,०००.०० | |
| | लट नं.१ को जम्मा- | | | | – | ५००,५८३/९५ | |
| २/ ०८२-८३ | साल | B | ६ | ९९.२० | १६५१ | १६३,७७९.२० | |
| | | C | १४ | ८३.३० | ११५१ | ९५,८७८.३० | |
| | कर्मा | A | ११ | २४१.५५ | ६२५ | १५०,९६८.७५ | |
| | | B | ४ | ४६.९६ | ५२५ | २४,६५४.०० | |
| | | C | २ | ११.२७ | ३२५ | ३,६६२.७५ | |
| | राङटाङ्ग | - | ९ | १२८.४२ | ३२५ | ४१,७३६.५० | |
| | बो.ध. | - | ४ | ४३.५२ | ३२५ | १४,१४४.०० | |
| | जम्मा- | | ५० | ६५४.२२ | – | ४९४,८२३/५० | |
| | साल जातको दाउरा २०x५'x५' साईजको चट्टा- | | | २.०० | ३५००० | ७०,०००.०० | |
| | अन्य मिश्रीत जातको दाउरा २०x५'x५' साईजको चट्टा - | | | १.०० | २५००० | २५,०००.०० | |
| | लट नं.२ को जम्मा- | | | | – | ५८९,८२३/५० | |

ईति सम्वत २०८२ साल १२ महिना १६ गते रोज ०२ मा शुभम् -------

शेरवहादुर सिंजाली मगर
अध्यक्ष